**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०३ संख्याः ०३ मितिः २०७९ साल असोज ९ गते**

**भाग–२**

**गुराँस गाउँपालिका**

## सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्वन्धि कार्यविधि २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९/०६/०७

**प्रस्तावना**

नेपालमा सूचना तथा सञ्चार प्रविधि विकास एक नयाँ आयामका रुपमा अगाडि बढ्न थालेको धेरै समय भएको छैन। राष्ट्रिय सञ्चार नीति, २०४९ र नेपाल दूर सञ्चार ऐन तथा नियमावली २०५६ लागू भए पश्चात् मात्र सूचना तथा सञ्चार प्रविधिको युग शुरु भएको मानिन्छ । वर्तमान परिवेशमा नेपालको संविधान २०७२ ले नै सूचना तथा सञ्चा र प्रविधिलाई एउटा मौलिक हकका रुपमा लिएको हुँदा सूचना तथा संचार प्रविधिको प्रयोगबाट ग्रामीण क्षेत्रको आर्थिक र सामाजिक विकास गरी स्थानीय समुदायको समृद्धिको लागि प्रशस्त सम्भावना र अवसरहरु रहेको हुँदा सूचना प्रविधिलाई दिगो विकास लक्ष्यहरु प्राप्त गर्न र सुशासन कायम गर्न एक महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकिन्छ । इन्टरनेट प्रविधिको तीव्र विकासले विश्वलाई एकगाउँ (A Global Village) को रुपमा लिन थालिएको छ। आज मोवाइलको एउटा अप्लिकेशनको भरमा घरमै वसि वसि सवै प्रकारका कामहरु गर्न सकिने अवस्था आएको छ। उक्त प्रविधिको प्रयोगबाट नागरिक र सरकारका बिच संवाद र सहकार्य अभिवृद्धि गर्न सकिने अवस्थाको सृजना हुँदै गएको छ। यसले पारदर्शी एवम प्रभावकारी सार्वजनिक कार्य व्यवस्थापन गरी

सुशासनको प्रत्याभूति हुदै जाने वातावरण बन्दै गएको छ। प्रविधिको विकासले शिक्षा, स्वास्थ्य, सञ्चार, प्रशासन, विद्युतिय व्यापार (E–commerce), कानुनी सहायता लगायतका विविध सार्वजनिक सेवामा ग्रामीण जनताको जीवनलाई समेत सजिलो बनाउन सहयोग पुगेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ङ) ५ र (च) ४ मा व्यवस्था भए अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सृजित अवसर एवम चुनौती सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र संयन्त्र/प्रणालीहरुको उपयोग, प्रवर्द्धन र नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकारको सवल उपस्थिति र सुशासनको प्रत्याभूति दिलाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१५, दफा १०२ को उपदफा (२) बमोजिम यो सूचना तथा सञ्चाार प्रविधि प्रयोग सम्वन्धि कार्यविधि २०७९ तयार गरि लागू गरेकोछ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सूचना तथा संचारप्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७९" रहेकोछ।

(२) यो कार्यविधि गुराँस गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले गुराँस गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त यस गुराँस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) "वडाध्यक्ष"भन्नाले गुराँस गाउँपालिकाका विभिन्न वडाका वडाध्यक्षहरुलाई सम्झनु पर्दछ।

(ङ) "आयोजना" भन्नाले यस गुराँस गाउँपालिकाले सञ्चालन गर्ने सवै प्रकारका विकासमूलक विभिन्न योजना तथा कार्यक्रमलाई सम्झनुपर्दछ।







(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(छ) "कार्यविधि" भन्नाले "सूचना प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७९" सम्झनुपर्दछ।

(ज) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(झ) "कार्यालय" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिकाको कार्यालय तथा यस अन्तरगतका सवै विभाग, शाखा, उपशाखाहरु तथा वडा कार्यालयलाई समेत सम्झनुपर्दछ।

(ञ) "नीति" भन्नाले सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई सम्झनु पर्दछ।

(ट) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिकालाई सम्झनुपर्दछ।

(ठ) "प्रणाली" भन्नाले गुराँस गाउँपालिकाले विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी विकास गरेको विभिन्न प्रणालीहरु (System) लाई सम्झनु पर्दछ।

(ड) "मोबाइल एप" भन्नाले गुराँस गाउँपालिकाले सर्वसाधारण नागरिकलाई सूचना संप्रेषण गर्न विकास गरिसकेका वा आगामी दिनमा गर्ने विभिन्न स्मार्ट मोबाइलमार्फत सञ्चालन गर्न सकिने एप्सहरुलाई सम्झनु पर्दछ।

(ढ) "वडा कार्यालय"भन्नाले गुराँस गाउँपालिका अन्तर्गतको वडा कार्यालयहरुला सम्झनुपर्दछ।

(ण) "वेबपोर्टल" भन्नाले गुराँस गाउँपालिका कार्यपालिकाको वेबसाइट, पोर्टल तथा अन्य पालिकाले पारदर्शिता, जवाफदेहिता तथा खुला तथ्याङ्क/खुला सरकार अवधारणा प्रवर्द्धनको लागि विकास गरेको वेब हबलाई सम्झनु पर्दछ।

(त) "विद्युतीय प्रविधि"भन्नाले कम्प्युटरमा आधारित प्रविधिलाई सम्झनुपर्दछ।

(थ) "सुशासन समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ को वुँदा नं.२२ को समितिको गठन सम्वन्धी गरिएको व्यवस्था अनुसार गठन गरिने समितिलाई सम्झनु पर्दछ।

(द) "सूचना प्रविधि" भन्नाले गुराँस गाउँपालिकाको कार्यालयमा संचालन गरिने कुनैपनि प्रकारको विद्युतीय सूचना प्रविधि सम्वन्धी गतिविधिलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## सञ्चारर तथा प्रविधि क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू

३. घरघरमा इन्टरनेट, हात हातमा मोवाइल भन्ने सरकारको नारा सँगै आम मानिसहरुसँग सञ्चारको पहुँच तीव्र गतिमा पुगेको देखिन्छ जस्को परिणाम स्वरुप हुलाक मार्फत चिठि आदान-प्रदान गरि कुरा गर्ने युगको अन्त भएको छ भने ल्याण्डलाइन फोनमा लामो समय सम्म पालो कुरेर आफन्तसँग कुरा गर्ने अवस्थाको पनि अन्त भएको छ। आज जो कोहिले पनि आफ्ना व्यक्तिगत जानकारीहरु गोप्यरुपमा मोवाइल फोन, इन्टरनेटको माध्यमबाट इमेल, फेसबुक, ह्वाट्सएप जस्ता सञ्चारका प्रविधिहरुबाट सहजरुपमा कुरा गर्न सक्ने अवस्था छ। सात समुन्द्र पारिबाट आफ्ना आफन्तसँग भिडियोकलमा कुरा गर्न पाउँदा प्रत्यक्ष भेटघाट भए सरहको अनुभव गर्ने अवसर प्राप्त भएको छ ।

तथापी प्रविधिको विकाससँगै यसले निम्त्याएका चुनौतीहरु विकराल एवम् समाधान गर्न कठिन देखिन्छन् । सूचना तथा सञ्चावर प्रविधिको क्षेत्रमा आएको बदलिदो परिवेशमा विगतका नीति अनुरुप संस्थागत व्यवस्थापन हुन नसक्दा सूचना तथा सञ्चा र जगतमा हुने विभिन्नम प्रकारका प्राविधिक समस्याहरुलाई के कसरी समाधान गर्ने भन्ने कुराको निर्क्यौल हुन सकिरहेको छैन। यस अर्थमा सञ्चानर सुरक्षा (Cyber Security)को आवश्यकता अझ बढ्दै गएको छ। मोवाइल फोन तथा मोवाइल नेटवर्कको विस्तारले कन्भर जेन्स लगायतका अवधारणाको नीतिगत सम्वोधन गर्ने चुनौती पनि त्यतिकै रहेको छ। बौद्धिक सम्पत्तीको संरक्षण तथा समग्र सुरक्षा संवेदनशिलतालाई विशेष नीतिगत र कानुनी व्यवस्था मार्फत सम्वोधन गर्नु आजको अपरिहार्य आवश्यकता भैसकेको छ। सूचना तथा सञ्चा रको क्षेत्रमा विश्वस परिवेशसँगै नेपालमा पनि भएको विकासलाई विश्लेषण गर्दा नेपालले सो प्रविधिद्वारा सृजित अवसर र चुनौतीको सामना गर्नका लागि राष्ट्रिय, प्रदेश स्तरिय र स्थानीय स्तरमा समेत प्रभावकारी कार्यान्वय गर्ने/गराउने गरि विभिन्नि नीतिगत व्यवस्था गर्न अव ढिला गर्न हुदैन भन्ने महसुस भैसकेको छ। इन्टरनेट प्रोटोकलको प्रयोग गरि गरिने टलिफोन र इन्टरनेट प्रोटोकलको प्रयोग गरि प्रशारण गरिने टेलिभिजन जस्ता नविनतम प्रकारका सूचना तथा सञ्चार प्रविधिमा आधारित सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट आउने चुनौतीहरु सामना गर्न आगामी दिनहरुमा नीतिगत स्पष्टता हुनु आवश्यक छ ।





## परिच्छेद ३

## सूचना प्रविधिको प्रयोग गरिने क्षेत्र तथा सञ्चालन विधि

आजको यस प्रविधिको युगमा विद्युतीय सूचना प्रविधिलाई गुराँस गाउँपालिकाले आफ्नो दैनिक कार्यमा छिटो-छरितो र चुस्तदुरुस्त पार्नका लागि सवै सरोकारवाला निकायहरुको सहयोग र सहकार्यमा विभिन्न प्रणाली/सयंन्त्रहरुको विकास गरी प्रयोगमा ल्याउनेछ । त्यसैगरी विकास भइसकेका यस्ता प्रणाली/सयंन्त्रहरुको प्रभावकारी प्रयोगको लागि वडा कार्यालयहरुलाई समेत जिम्मेवारी दिने छ जस अन्तर्गत निम्न लिखित कार्यहरु गरिनेछन् :

(क) संघीय तथा प्रदेश सरकारले अनिवार्य गरेको सूचना प्रविधि तथा सफ्टवेयर हरुलाई गुराँस गाउँपालिकाले कार्यप्रणालीमा समावेश गर्नका लागि सम्वन्धित सूचना तथा सञ्चार प्रविधि शाखालाई पूर्णरुपमा जिम्मेवार बनाइ चुस्तदुरुस्त बनाउने ।

(ख) गुराँस गाउँपालिकाको हरेक काम कार्वाहीलाई कम्प्युटर प्रविधिमा प्रविधिमैत्री (Digitized) गर्दै कागज रहित सेवा सञ्चालनको मार्गमा अगाडि बढ्ने ।

(ग) गुराँस गाउँपालिकाको शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद व्यवस्थापन, राहत वितरण, महिला हिंसा, जातीय छुवाछुत, बाल विवाह लगायतका समुदाय विकासका आयोजनाहरुको बारेमा सर्वसाधारणलाई सुशिक्षित गर्ने व्यवस्था मिलाउने ।

(घ) गुराँस गाउँपालिकाले प्रदान गर्ने सूचना तथा सेवाहरूमा आम नागरिकहरूको गुनासो, सुझाव तथा पृष्ठपोषणहरूलाई सहज रूपमा ग्रहण गर्न र उनीहरूलाई आफ्ना कुराहरू राख्न सहज हुने गरी विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको विकास र प्रयोग गर्ने/गराउने ।

(ङ) गुराँस गाउँपालिकाले वार्षिक रूपमा सञ्चालन गर्ने स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा महिला तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त सूचना प्रविधिको प्रयोग गर्ने ।

(च) गुराँस गाउँपालिकाको प्रत्येक आर्थिक वर्ष शुरू भएको १ महिना भित्र वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई खुला तथ्यांकीय ढाँचामा उपलब्ध हुने गरी वेब/पोर्टलमा राख्नेर र लेखा तथा राजश्व संकलनमा विद्युतीय प्रविधिको प्रयोग गर्ने/गराउने ।

(छ) गुराँस गाउँपालिकाले उपयुक्त सामाजिक संचार माध्यम (Social Media) बाट आफ्ना नागरिकलाई विभिन्न सूचनाहरु सम्प्रेषण गर्ने ।

(ज) "अडियो सहितको विद्युतिय-नागरिक बडापत्र" (e–citizen Charter) तथा "वहिरगमन अभिमत (Exit Poll)सहितको विद्युतिय-नागरिक प्रतिवेदनपत्र" (e–Citizen Report Card) प्रविधिको विकास र अवलम्वन गर्ने ।

(झ) गुराँस गाउँपालिकाको सेवा प्रवाहबारेमा अधिकतम् नागरिकलाई जानकारी दिन विभिन्न उपयोगी मोबाइल एप्सहरु विकास गर्ने । मोबाइल एप्समा प्रयोग गरिने भाषा महिला तथा सिमान्तकृत वर्ग मैत्री बनाउनु पर्ने ।

(ञ) सरकारले सूचनाको हक सम्बन्धि ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम स्वतः खुलासा गर्नुपर्ने सूचनाहरूलाई आवधिकरूपमा आफ्नो वेबसाइट र अन्य माध्यमबाट खुला तथ्याङ्कीय ढाँचामा सार्वजनिक गर्ने ।

(ट) गुराँस गाउँपालिकाले सम्पादन गर्ने न्यायिक मामिलाहरूको अभिलेखहरू व्यवस्थित गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउने र प्राप्त मामिलाहरूको दर्ता, त्यसको विवरण, मामिलाहरूमा भएको प्रगतिलाई विद्युतीय सूचना प्रविधिको प्रयोग गरी व्यवस्थापन गर्ने ।

(ठ) आवश्यक परेको खण्डमा गाउँपालिकाले विकास तथा अवलम्वन गरेको हरेक प्रविधिमा आधारित प्रणाली/सयंन्त्रको छुट्टा छुट्टै निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

(ड) गुराँस गाउँपालिकाको दैनिक कार्यलाई चुस्त दुरुस्त र व्यवस्थित अभिलेख राख्न र नागरिकको सूचनामा सजिलै पहुँच अभिवृद्धि गर्नको लागि पालिका तथा वडास्तरमा स्थापना भएका सूचना केन्द्रहरु व्यवस्थित तरिकाले सञ्चालन गर्ने ।

## परिच्छेद ४
## संस्थागत व्यवस्थापन

४. गुराँस गाउँपालिकाको दैनिक प्रशासनिक एवं सेवाप्रवाहको जिम्मेवारीको नेतृत्व, समन्वय तथा सहजीकरण गरी सूचना प्रविधिको विकास तथा अवलम्वनको लागि पालिकामा गठित "सुशासन तथा संस्थागत विकास समिति" लाई सूचना प्रविधिको जिम्मेवारी दिई यस समितिलाई वडास्तरसम्म विस्तार गरिनेछ ।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ (२२) अनुसार "सुशासन समिति" गठन गर्ने ।







६. गुराँस गाउँपालिकाले सूचना व्यवस्थापनको जिम्मेवारी सहित पालिकाको सूचना प्रविधि अधिकारीलाई जिम्मेवारी तोक्ने छ । उक्त पदमा कर्मचारी बहाल नभएको हकमा कुनै एक कर्मचारीलाई सूचना तथा संचार प्रविधि सम्वन्धी संयन्त्र/प्रणालीको सञ्चालनको सम्पर्क व्यक्ति तोक्नेछ ।

७. गुराँस गाउँपालिकाको सूचना प्रविधि अधिकारी वा तोकिएको कर्मचारीले सूचना प्रविधि सम्बन्धी प्रणालीको प्रयोग गरी सम्बन्धित तथ्याङ्क एवम जानकारीहरु अद्यावधिक गर्नेछ ।

८. स्थानीयस्तरका निर्णय प्रकृया, परियोजना/आयोजना कार्यान्वय तथा त्यसको अनुगमन कार्यहरुमा नागरिकहरुको संलग्नतालाई सुनिश्चित गर्न प्रविधिमा आधारित संयन्त्र/प्रणालीहरुको विकास एवम् प्रयोग गर्ने र गराउनेछ ।

९. विकास गरिएका संयन्त्र/प्रणालीको प्रयोगको अवस्था तथा प्रभावकारिता बारे सूचना प्रविधि अधिकारी वा तोकिएको कर्मचारीले तीन-तीन महिनामा सुशासन तथा संस्थागत विकास समितिलाई लिखित जानकारी दिनेछ ।

१०. गुराँस गाउँपालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापन गर्ने कार्यलाई अवलम्बन गर्ने र जनशक्ति विकासक लागि आवश्यक क्षमता अभिवृद्धिको व्यवस्था गर्नेछ ।

११. सूचना प्रविधिका प्रणालीहरुमा उपलव्ध तथ्यांक वा सूचनालाई आवश्यकता अनुसार स्थानीय तहको विकास प्रकृया/कृयाकलापहरुमा प्रयोग गर्नेछ ।

१२. गुराँस गाउँपालिकासँग सूचना प्रविधिको प्रयोगको लागि गाउँपालिकाले आवश्य ठानेमा सहकार्य तथा समन्वय गर्ने संघ संस्था, स्थानीय नागरिक समाज, सूचना तथा प्रविधि सम्वन्धि काम गर्ने कम्पनी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु गाउँपालिकाको सरोकारवाला निकायहरु हुनेछन्

१३. विकास प्रक्रियामा जनतालाई सुसूचित र सुशासन प्रवर्द्धनका लागि दफा (११) मा उल्लेखित सरोकारवालाहरुको सहभागितामा सुशासन समितिले वार्षिक कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।

## परिच्छेद ५
## स्रोत परिचालन

१४. कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ । यसका लागि सार्वजनिक तथा नीजि स्रोत परिचालन गर्नुका साथै सूचना प्रविधि विकास कोष तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रि

साझेदार संघ संस्थाहरुबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगको उपयोग गरिनेछ ।

१५. सूचना प्रविधि विकास कोषमा यस गाउँपालिकाले वार्षिक रुपमा रु. दुईलाख बजेट विनियोजन गर्नेछ ।

१६. आवश्यक मानवस्रोत व्यवस्थापन, बार्षिक अपडेट, मर्मत सम्भार, नयाँ नयाँ प्रविधि खरीदका लागि सूचना प्रविधि विकास कोष परिचालन गरिनेछ ।

## परिच्छेद ६
## विविध

१७. कार्यविधि जारी हुनुभन्दा अगाडि भएको व्यवस्थाहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुने हुँदा यो कार्यविधि लागू भएको मितिदेखि पूर्व व्यवस्थाहरु स्वतः खारेज हुनेछन् ।

१८. यस कार्यविधिमा भएका व्यवस्थाहरु संघीय, प्रादेशिक र स्थानीय कानूनसँग बाझिएको हकमा स्वतः अमान्य हुनेछ ।

१९. यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका बैठकले आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्याख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

२०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा संघिय, प्रादेशिक र स्थानीय कानुनसंग नबाझिने गरी त्यस्तो निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

आज्ञाले
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**